आर्थिक अभियान
आइतबार, २१ माघ २०७४
Sunday, 4 February 2018

# रुरल माइक्रोफाइनान्स डेभलपमेण्ट सेण्टर लिमिटेड
# Rural Microfinance Development Centre Ltd.

RMDC

पुतलीसडक, काठमाडौं
फोन नं.०१-४२६८०१९, ०१-४२६८०२० फ्याक्स नं.४२४७७०२ पो.ब.नं.२०७८९
को

## नगद लाभांस वितरण सम्बन्धी सूचना

रुरल माइक्रोफाइनान्स डेभलपमेण्ट सेण्टर लिमिटेडको मिति २०७४ पौष २८ गते सम्पन्न १९ औं बार्षिक साधारण सभाबाट १५% नगद लाभांश (नियमानुसार बोनश शेयरमा लाग्ने कर समेत) वितरण गर्ने निर्णय भए बमोजिम कर पश्चात हुने नगद लाभांश IPS मार्फत सम्बन्धित शेयरधनीको हितग्राही खातामा उल्लेख भएको बैंक खातामा जम्मा गर्ने व्यवस्था गरिएकोले सम्पूर्ण शेयरधनीहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

नेपाल धितोपत्र बोर्डको निर्देशन बमोजिम नगद लाभांश बापतको रकम शेयरधनी महानुभावहरुको बैंक खातामा नै रकमान्तर गरिने हुँदा आफ्नो हितग्राहि खातामा बैंक खाता नं. अद्यावधिक गराएका शेयरधनीहरुको बैंक खातामा **मिति २०७४/१०/२१ गते आइतबारदेखि** नगद लाभांश जम्मा गर्न शुरु गरिने व्यहोरा जानकारी गराउँदछौं ।

क) हितग्राही खातामा बैंकको खाता अध्यावधिक नगरेका शेयरधनीहरुको हकमा आफूले हितग्राही खाता खोलेको सम्बन्धित निक्षेप सदस्यमा सम्पर्क गरि नेपाल क्लियरिङ्ग हाउसको IPS सदस्यता प्राप्त कुनैपनि बैंक तथा वित्तीय संस्थामा रहेको आफ्नो बैंक खाता सम्बन्धी विवरण अद्यावधिक गराउनुहुन ।

ख) हालसम्म पनि हितग्राही खाता खोल्न बांकी शेयरधनी महानुभावहरुले सन्‌राइज क्यापिटल लिमिटेड कमलपोखरी, काठमाण्डौ वा आफुलाई पायक पर्ने कुनै पनि निक्षेप सदस्यकोमा खाता खोलि आफ्नो शेयरहरु अभौतिकिकरण गर्नुहुन ।

ग) बैंक खाता नं.रुजु नभएका, खाता रहेको बैंक नाम परिवर्तन भएका, नाम रुजु नभएका तथा अन्य विविध कारणले लाभांश रकम रकमान्तर हुन नसकेको शेयरधनीहरुको हकमा हितग्राही खातामा बैंकको खाता अध्यावधिक भए पश्चात क्रमानुसार बैंक खातामा नगद लाभांश IPS मार्फत जम्मा गर्ने व्यवस्था मिलाईने छ ।

घ) बैंक खातामा नगद लाभांश जम्मा गर्दा सम्बन्धित बैंक वा वित्तीय संस्थाको नियमानुसारको कुनै शुल्क लाग्ने भएमा सो शुल्क शेयरधनीले नै व्यहोर्नु पर्नेछ ।

साथै, उक्त कम्पनीको शेयर मिति २०७४/०९/०६ गतेसम्ममा धितो बन्धक राखी कर्जा लिएका शेयरधनीहरुको नगद लाभांश सम्बन्धित बैंक तथा वित्तीय संस्थाबाट No Objection Letter प्राप्त भए पश्चात मात्र बैंक खातामा जम्मा गरिने र सो मिति पश्चात कर्जा चुक्ता भुक्तानी गर्नुभएका शेयरधनीको हकमा सम्बन्धित बैंक तथा वित्तीय संस्थाको फुकुवा पत्र (Release Letter) प्राप्त भए पश्चात मात्र बैंक खातामा जम्मा गरिने व्यहोरा समेत यसै सूचना मार्फत सूचित गर्दछौं ।

**नोटः लाभांश रकम रकमान्तर हुन नसकेको शेयरधनीहरुलाई निवेदनको आधारमा एकाउण्ट पेयी (A/c Payee) चेक मार्फत लाभांश भुक्तानी दिने जानकारी गराईन्छ ।**

शेयर रजिष्ट्रार

**सन्‌राइज क्यापिटल लिमिटेड**
**SUNRISE CAPITAL LTD.**
(सन्‌राइज बैंक लिमिटेडको सहायक कम्पनी)

पो.ब.नं. १२०५५, कमलपोखरी, काठमाडौं ।
फोन नं. ४४२८६६० फ्याक्स् ४४२८६८८
(साविक एन.सि.एम.मर्चेन्ट बैंकिङ्ग लिमिटेड)
Email: info@sunrisecapital.com.np, Web: www.sunrisecapital.com.np